सुशासन तथा पारदर्शिताका लागि

# हेटौडा नगरपालिका कार्यालयको प्रस्तुती

# नगर–दर्पण

“खुल्ला दिसामुक्त बनाऔं गाउँ नगर सारा
सन् २०१३ सम्मको हाम्रो अभिभारा”

## १७ औं नगरपरिषद् सम्पन्न




हेटौंडा नगरपालिकाले २०६९/०७० को लागि बजेट  नीति तथा कार्यक्रम १७ औं नगरपरिषद् बाट सम्पन्न गरेको छ । नगरपालिकाको हलमा भएको उक्त कार्यक्रम प्रमुख एवं कार्यकारी अधिकृत लालमणि ओझाको सभापतित्वमा भएको थियो भने प्रमुख अतिथि माननिय संविधान सभा सदस्य प्रल्हाद लामिछाने , विषेश अतिथि प्रजिअ श्री दिनेश भट्टराई, स्थानिय विकास अधिकारी श्री युवराज सुबेदी तथा विभिन्न राजनैतिक दलका प्रमुख प्रतिनिधिहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाको प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यकारी अधिकृत लालमणि ओझाले बजेट कार्यक्रम तथा आयोजना प्रस्तुत गर्नु भएको थियो जस अन्र्तगत नगरपालिकाको आन्तरिक आय तर्फ रू रू ९ करोड १७ लाख  २५ हजार र बाहय आय तर्फ रू १६ करोड ६० लाख  ८७ हजार समेत जम्मा रू २५ करोड ७८ लाख १२ हजार र अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट हुने ३८ करोड ३३ लाख गरी

कूल ६४ करोड ११ लाख १२ हजार वरावरको नगर बिकास बजेट जसमा नगरपालिकाको आन्तरिक आय तर्फबाट चालु खर्च तर्फ रू ४ करोड ५६ लाख ५४ हजार र पूजीगत एवं कार्यक्रम खर्च तर्फ रू २१ करोड २१ लाख ५८ हजार समेत जम्म रू २५ करोड ७८ लाख १२ हजारको ब्यय ,यसरी नगरपालिका कार्यालय तर्फ आगामी आ.व. ०६९।७० का लागि आय अनुमान गर्दा न्यून आय देखिएको रू ६९ लाख ७४ हजार थप बाह्य श्रोत (दातृ निकायहरू अर्थात बिकास साझेदार संस्थाहरू संगको सहकार्य अभिबृद्धि गरी )परिचालन गरी पूरा गर्नूपर्ने कुरा ब्यक्त गर्नुभयो ।

## स्थानिय क्लबद्धारा सरसफाई कार्य तिब्र

हेटौंडाको बसपार्क वरिपरिका स्थलहरुमा राखिएका पसल तथा होटलहरु बाट निस्कने फोहोरलाई ब्यवस्थापन गरि हेटौंडा लाई स्वच्छ पार्ने कार्यमा सहयोग गरिदिन ब्यवसायीहरुलाई अनुरोध गर्दै हेटौंडा १० बसपार्क को दि राइजिङ सोसियल क्लबका युवाहरु लागिपरेका छन् । युवाहरुले फोहोर ब्यवस्थापनको लागि दिनको तिन पटकसम्म फोहोर उठाउने ब्यवस्था गर्नुको साथै रात्रीको ९:०० बजे पश्चात् पसल, होटलमा मदिराजन्य पदार्थको बेचबिखन बन्द गर्न पनि आग्रह गरेका छन् । क्लबका अध्यक्ष कुमार लामा को नेतृत्वमा उक्त सरसफाइ तथा जनचेतना कार्यक्रम पौष १६ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा हे.न.पा का महाशाखा तथा शाखाप्रमुख र क्लबका अन्य सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

## सूचना! सूचना! सूचना!

हेटौंडा नगरपालिका कार्यालयबाट निर्मित हे.न.पा. १० का पसल कवलहरु सम्वन्धीत ब्यक्तिहरु स्वयं आफैले संचालन गरेको छ वा छैन, हे.न.पा. मा तिर्नु वा बुझाउनु पर्ने कर तिरेको छ वा छैन, न.पा मा ब्यवसाय दर्ता भएको छ वा छैन सो को समेत निरिक्षण गरिने र निरिक्षणमा उल्लेखित काम नगरेको भए आवश्यक प्रकृया पुरा गरि कोठा खाली गरिने ब्यहोरा यसै सुचना साथ जानकारी गराईन्छ । साथै नगरपालिका का पसल कवलहरु नामसारी नहुने ब्यहोरा समेत सुचित गरिन्छ ।

हेटौडा नगरपालिका कार्यालय

"कालो तथा रंगिन प्लास्टिकका झोला प्रयोग नगरौं
नगर सफा राख्न सहयोग गरौं"

**हेटौडा नगरपालिकाको प्रस्तुती हाम्रो हेटौडा हाम्रो पहिचान रेडियो कार्यक्रम प्रत्येक महिनाको दोश्रो सनिवार साझ ७.०० देखि ७.३० वजेसम्म हेटौडा एफ.एम., तेश्रो सुक्रवार साझ ७.०० देखि ७.३० वजेसम्म रेडियो मकवानपुर एफ.एम. र चौथो सनिवार विहान ८.०० देखि ८.३० वजेसम्म रेडियो थाहा संचार वाट प्रसारण भईरहेको छ सुन्न नभुलौ ।**

के तपाई नगरपालिका सम्बन्धमा जानकारी राख्न चाहनु हुन्छ ?

यसका लागि सम्पर्क राखौं

सूचना तथा अभिलेख उपशाखा,
हेटौंडा नगरपालिका कार्यालय
फोन नं. ५२०३७७, ५२३०४४
फ्याक्स नं.५२२८७६,५२००४४
पोष्ट बक्स नं. ५६,
E-mail: info@hetaudamun.gov.np
Website: www.hetaudamun.gov.np